# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ८ अङ्क २९ पूर्णाङ्क ३६७ | आइतवार, चैत्र २८, २०७२ | Apr. 10, 2016, Sunday | पृष्ठसङ्ख्या ६+१० | मूल्य रु. १०/-




होमबहादुरको हिम्मत - 
विस्तृत पृष्ठ ३ मा

# कहाँ जान्छ दाताको सहयोग ?

■ सन्तोष गौतम/नवविकल्प



**ढिलासुस्तीको नमुना : एडिबीको सहयोगमा जिविस मार्फत सञ्चालित विकेन्द्रित ग्रामीण पुर्वाधार निर्माण तथा जीविकोपार्जन सुधार कार्यक्रम (ड्रिलीप) अन्तरगत बेनी देउराली सडकको महारानी खण्डमा ग्याविन पर्खाल लगाइदै ।** *फाइल तस्विर*

पहाडी जिल्ला म्याग्दीमा दातृ निकाय तथा संस्थाको सहयोगमा सञ्चालित विकास योजना तथा कार्यक्रमहरू प्रभावकारी बन्न सकेको छैन् ।

जिल्लाको विकासमा सघाउन भित्रीएका दातृ निकायको आफ्नै स्वार्थ, प्रक्रियागत ढिलासुस्ती, सरकारी निकायसंगको समन्वयको कमी, सुगम क्षेत्रमा कार्यक्रम केन्द्रित हुनु, पुर्वाधार विकासको तुलनामा औपचारीक कार्यक्रम बढी हुनु, लक्षित समुदायसम्म कार्यक्रम पुग्न नसक्नु जस्ता कारणले अपेक्षाकृत लक्ष्य हाँसील हुन नसकेको हो ।

दातृ निकायहरूले म्याग्दीमा पुर्वाधार विकासको क्षेत्रमा सरकारी निकाय र सामाजिक कार्यक्रमका लागि गैरसरकारी संघ संस्था मार्फत लगानी गरेका छन् । म्याग्दीमा दातृ निकायको वार्षिक कति लगानी छ भन्ने आधिकारीक तथ्याङ्क नभएपनि दाताको सहयोगमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थाहरूले वार्षिक २५ देखि ३० लाख रूपैया बजेट परिचालन गरेको देखिन्छ ।

आगामी आर्थिक वर्ष २०७३र७४ को प्रस्तावीक जिल्ला विकास योजनामा आर्थिक वर्ष २०७१र७२ मा २४ वटा गैरसरकारी संस्थाको २५ करोड ८४ लाख खर्च गरेको र चालु आर्थिक वर्ष २०७२र७३ मा ३० करोड ७२ हजार रूपैया बजेट बराबरका योजना तथा कार्यक्रम सञ्चालन गरेका छन् । आगामी आर्थिक वर्षका लागि उनिहरूले २६ करोड २१ लख ५० हजार रूपैया बजेट प्रस्ताव गरेका छन् ।

यस्तै एशियाली विकास बैंकको ऋण सहयोगमा जिविसले सञ्चालन गरेको विकेन्द्रित ग्रामिण पुर्वाधार निर्माण तथा जिविकोपार्जन सुधार कार्यक्रम (ड्रिलीप)को आगामी आर्थिक वर्षको प्रस्तावीत बजेट दश करोड र फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित पश्चिम नेपाल

*बाँकी पृष्ठ १५ मा*

# राहुघाटमा सर्वसाधारणको सेयर लगानीका लागि प्रस्ताव

■ नवविकल्प



भारतीय निर्माण कम्पनीले अलपत्र पारेको म्याग्दीमा निर्माणाधिन राहुघाट जलविद्युत आयोजनाको क्षमत्तासंगै लागत पनि बढ्ने भएको छ ।

पुरानो ठेकेदारसंगको सम्झौता तोडेर नयाँ प्रक्रियामा आयोजना निर्माण गर्नका लागि तयार पारिएको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर)मा क्षमत्ता र लागत बढ्ने उल्लेख गरिएको छ । आयोजना निर्माणकर्ता नेपाल विद्युत प्राधीकरणको सञ्चालक समितिको सचिवालयमा चैत १५ गते दर्ता भएको डिपीआरमा हाल ३२ मेघावाट क्षमत्ताको आयोजनालाई ४० मेघावाटको बनाउने प्रस्ताव गरिएको छ ।

ऋण लगानीकर्ता भारतीय एक्जीम बैंकको सहमतीमा आयोजनामा सर्वसाधारणको पनि सेयर लगानी रहने विकल्प प्रस्ताव गरिएको आयोजनाको बेनी स्थित कार्यालयले जनाएको छ । वि.स २०६६ मा सुरू भएको आयोजना सात अर्वको लागतमा यसै वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । आयोजनाको सिभिल ठेकेदार आइभिआरसिएलको कमजोर आर्थिक अवस्था र विभिन्न प्रक्रियागत ढिलाईका कारण १२ प्रतिशत मात्रै भौतिक प्रगती भएको आयोजनालाई ४० मेघावाट बनाउँदा आठ अर्ब ६० करोड रूपैयाँ लागत अनुमान गरिएको छ ।

कालीगण्डकी करिडोर अन्तरगतको दाना सबस्टेशन जोड्ने १३२ केभी प्रशारण लाईनमा आयोजनाको विद्युत जडान गर्न सकिने भएकाले यसअघिको मोदी-गलेश्वर प्रशारण लाईनको लागत नयाँ सर्वेक्षणका क्रममा हटाइएको छ । विद्युत प्राधिकरणको सञ्चालक समितिले डिपीआर स्वीकृत गरेपछि आयोजनाको ठेक्का प्रक्रिया सुरू हुने जनाइएको छ । यसैबीच जिल्लाका सांसद, निजी क्षेत्र र राजनितिक दलहरूले म्याग्दीको जलविद्युत विकासमा प्रवेशद्वार मानिएको राहुघाटलाई कुनै पनि बाहनामा ढिलाई गर्न नहुने भन्दै

*बाँकी पृष्ठ १५ मा*


## नव वर्ष २०७३ को शुभकामना



अँध्यारो बन्दै गएको साँघुरो यात्रा
भागेका छैनन् अझै पनि आँखाका दृष्टिहरू
हजारौं लाग्ने चुनौतिका ठुलाठूला पहाडहरू
लुकेका छैनन् अझै पनि सम्भावनाका पूर्वाधारहरू
नियतबस झझल्को आइरहने घरीघरी
विगत वर्षका प्रकृतिक प्रकोप र पीडाहरू
सामना गर्नुपर्दछ अब मिलिजुली
भविष्यमा आउने त्यस्ता हरपहरहरू
साना ठुला परिस्थितिहरूलाई मुट्ठीमा राखेर
लागौं समाधानतिर देशमा उब्जेको
असन्तुलन वातावरणहरू

हातमा हात मिलाएर सावधानीपूर्वक
पहिचान गरी खोलौं राष्ट्रियताका सुगम पथहरू
एकाग्र मनलाई शान्त भगवान बुद्धकै उपदेश रुपमै
अभिभवादन एवम् शुभकामना बदलिएर
नव वर्ष २०७३ सालको शुभारम्भ सँगैसँगै
आज नभए भोलि लक्ष्यमा पुग्नैपर्छ साथी हामीहरू
आज नभए भोलि लक्ष्यमा पुग्ने पर्छ साथी हामीहरू ।

**- विपिन धर्मनारायण श्रेष्ठ**
**बेनपा-६ संगमचोक, बेनी बजार, म्याग्दी**



## सूचना

फागुनदेखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना विभाग**

5f6s/L

# फेसबुकको सहायताले नौमती बाजा सामाग्री खरिद

**■ नवविकल्प**

सूचना, सन्देश आदानप्रसाद र अभिव्यक्ती सार्वजनीक गर्नका लागि विश्वभर लोकप्रिय बनेको सामाजिक सञ्जाल फेसबुकको प्रयोग गरेर म्याग्दीको मराङ गाविस ३ कल्लेनी गाउँका बासिन्दाले सामाजिक काम गरेका छन् ।

उनिहरूले फेसबुकको सहायताले आर्थिक स्रोत जुटाएर नौमती बाजा खरिद गरि परम्परागत संस्कृती जगेर्ना गर्न अग्रसर भएका हुन् । मगर समुदायको बाहूल्य बसोबास रहेको कल्लेनी गाउँमा नौमती बाजा र बाजा बजाउने जनशक्ति नभएपछि स्थानीयबासीले फेसबुक मार्फत सन्देश पठाएर देश बिदेशमा रहेका मराङबासीलाई अनुरोध गरेका थिए ।

यसैक्रममा अस्ट्रेलीयामा रहनुभएका मराङका विश्व केसीले आफू अध्यक्ष रहेको ट्रस्ट मराङ भन्ने संस्था मार्फत कल्लेनीमा नौमती बाजाको सटे, पोशाक खरिद र ढुवानी गर्न एक लाख ८४ हजार ७२५ रूपैयाँ सहयोग गरेको वडा नागरीक मञ्चका संयोजक खगिन पुनले जानकारी दिए।

सहयोगमा बाजा र पोशाक खरिद गरेपछि कल्लेनीका मगर युवाहरू नौमती बाजा प्रशिक्षणमा जुटेका छन् । नयाँ बर्षको दिनदेखि एक महिने नौमती बाजा प्रशिक्षण सञ्चालन गर्ने तयारी भएको नौमती बाजा समितिका संयोजक योगेन्द्र घर्तीले बताए । ताकम हिलापोखरीका कुलप्रसाद र खगेन्द्र परियारले बाजा बजाउने तालीम दिने जनाइएको छ ।

# दरवाङमा नेपाल मगर संघ

**■ नवविकल्प**

म्याग्दीको दरवाङमा शनिबार नेपाल मगर संघको गाउँ ईकाई समिति गठन भएको छ । लेकबहादुर पुनको अध्यक्षतामा गठन भएको समितिको उपाध्यक्षमा भिमकुमारी बुढाथोकी, सचिवमा हिराबहादुर पुन, सहसचिवमा देवराज जुक्जाली र कोषाध्यक्षमा रमती पुन चयन भएका छन् ।

समितिको सदस्यहरूमा मालवती थापा, खिमबहादुर पुन, मनोज सिउथानी, देवि रोका, जागृत पुन, हरिप्रसाद पुन रहनुभएको नेपाल मगर संघ म्याग्दीका सचिव लोकश पुन मगरले जानकारी दिए ।

समितिको सल्लाहकारमा दुर्गाप्रसाद बुढा, इनकार फगामी, जसीकला पुन र रेकबहादुर पुन चयन भएका छन् । नेपाल मगर संघ म्याग्दीका सदस्य बिक्रम बुढाथोकी र बिरेन्द्र पुनको उपस्थितीमा कार्यक्रम भएको थियो ।

# एउटै ठाउँलाई जोड्ने पाँच सडक

**■ नवविकल्प**

म्याग्दीको दरवाङ देखि छिमेकी जिल्ला बागलुङको लामेला तमान जोड्ने सडक निर्माणका लागि पाँच वटा आयोजना सञ्चालन भएको छ ।

दलका नेताहरूको स्वार्थ, मुख्य सडकले आफ्नो बस्तीलाई समेट्नुपर्ने स्थानीय बासीन्दाको माग, पहिले खनेको सडक असफल हुनु जस्ता कारणले एउटै ठाउसंग जोडिने फरक फरक नाम गरेका आयोजना सञ्चालन भएको हो । दरवाङ देखि सोले धुरी हुदै लामेला तमान जोड्ने पाँच वटै सडक जिविस मार्फत सञ्चालन भएका हुन् । भौगोलिक बिकटता र प्रतिकुल भुवनोट रहेको ठाउँमा सडक निर्माण गर्नका लागि बिनियोजन हुने बजेट बिकेन्द्रित गरिंदा योजना अपुरा, उपयोग विहीन र प्राबिधिक हिसावले असफल बनेका छन् ।

२०६७ सालमा दरवाङदेखि फुलबारी ओखरबोट सोले डाँडा हुदै लामेला तमान जोड्ने सडक निर्माण भएको थियो । त्यसपछि रूमको अदिभारा स्याउलुङ डाँडाँगाउ हुदै सोले जोड्ने लक्ष्य सहित अर्को योजना सञ्चालन भयो । सरकारी निकाय र स्थानीयको ५० लाख खर्च भएको उक्त सडक प्राबिधिक हिसावले असफल भएपछि अहिले अलपत्र अवस्थामा छ ।

त्यो आयोजना असफल भएपछि वि.स २०७० देखि अदिभारा बिलबाङ रूम हुदै सोले जोड्ने अर्को सडक आयोजना सञ्चालन भैरहेको छ । त्यसैगरी ओखरबोट हुँदै रूमको ८ र ९ नम्बर वडामा पर्ने डाँडागाउँलाई सडक सञ्जालसंग जोड्न यस वर्ष जिविस मार्फत सात लाख ४० हजारको योजना कार्यान्वयन गर्ने तयारी भएको छ । त्यसैगरी ओखरबोटको महभिर, चिउरीबोट, छापका बासिन्दाहरूले पनि दरवाङ फुलबारी चिउरीबोट छाप सोले लामेला तमान सडक आयोजना सञ्चालन गरेका छन् । दुई जिल्ला जोड्ने सडक आयोजनालाई सरकारले बजेट बिनियोजनका क्रममा प्राथमिकता दिने भएकाले सबै आयोजनाको पछाडी सोले लामेला तमान जोडिएको हो ।

यो वर्ष दरवाङ ओखरबोट सोले लामेला तमान सडक आयोजनाका लागि दुई जिल्ला जोड्ने सडक शिर्षकको बिस लाख रूपैयाँ बजेटको उपभोक्ता समिति मार्फत काम गर्न सम्झौता भएको स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलले बताए । एउटै ठाउँलाई जोड्ने फरक फरक नाम गरेका आयोजना हुँदा कुन योजनालाई प्राथमिकता दिने भन्ने विषयमा बिवाद र अन्यौलता हुने गरेको छ । यसैगरी धेरै योजनामा छरीएर बजेट खर्च हुँदा देखिने गरि उपलब्धी नहुने समस्या रहेको स्थानीय विकास अधिकारी पौडेलले बताए ।




# फोटो कथा



**लौ आयो पानी** : म्याग्दीको ओखरबोट गाविस १ र २ मा पर्ने महभिरमा ४२ लाख रुपैयाँको लागतमा निर्माण भएको थाप्लेडाँडा भुमेथान खानेपानी आयोजनाको उद्घाटन गर्नुहुदै स्थानीय विकास अधिकारी चिरिञ्जीवी पौडेल । आयोजनाबाट ८० घरका करिब चार सय जनसंख्या लाभान्वित भएका छन् ।

*तस्वीरः थरेन्द्र पौडेल*



**जनचेतनाका लागि** : हात्तिपाइले रोग निवारणका लागि जिल्ला स्वास्थ्य कार्यालयले सञ्चालन औषधि खुवाउने अभियानका क्रममा रोगका वारेमा सडक नाटक मार्फत सर्वसाधारणहरुलाई जनचेतना जगाउँदै ।

*तस्वीर : ठाकुरप्रसाद आचार्य*



**बल गरौं साथीहरू** : कालीगण्डकी नदी माथी झोलुङ्गे पुल निर्माणका लागि लठो तान्दै म्याग्दीको बेनी नगरपालीका १ आनन्दबगरका बासिन्दाहरु ।

तस्विर सन्तोष गौतम

# धापुङमा आलु विउ भण्डारण गृह निर्माण

■ नवविकल्प

म्याग्दीको बरंजा गाविस ८ धापुङमा आलुको विउ भण्डारण गर्ने भवन निर्माण भएको छ ।

जिल्ला कृषि विकास कार्यालयको आर्थिक तथा प्राबिधिक सहयोगमा लालीगुराँस बिशेष कृषि समूहमा आवद्ध कृषकहरूले भवन निर्माण गरेका हुन् । दश मेट्रिक्टन क्षमत्ताको उक्त भवन पाँच लाख तिन हजार ८८४ रूपैयाँको लागतमा निर्माण भएको जिल्ला कृषि विकास कार्यालयका प्राबिधिक सहायक श्यामराज क्षेत्रीले जानकारी दिए । उनका अनुसार भवन निर्माणमा कार्यालयको दुई लाख ६१ हजार २५० र कृषकहरूको दुई लाख ४२ हजार ६३४ रूपैयाँ लगानी भएको छ । एक सय घरधुरी कृषकहरूले सात दिनका दरले श्रमदान गरेर भवन निर्माण गरेको लालीगुराँस बिशेष कृषि समूह धापुङका अध्यक्ष दलबहादुर पुनले बताए ।

माघको २२ गते सुरू भएको भवन निर्माण कार्य लक्ष्य अघिनै फागुन २६ गते सम्पन्न भएको अध्यक्ष पुनले बताए । उक्त भवनमा आगामी वर्ष आलु राख्ने ऱ्याक जडान गर्ने र प्रयोगमा ल्याउने योजना रहेको छ ।

सुरक्षित रूपमा आलुको विउ भण्डारण गर्न नसकेका धापुङका कृषकहरू बिउ आलु खोज्न बागलुङको ताराखोला, हिल र अर्गल पुग्नुपर्ने समस्या थियो । गाउँमै भण्डारण गर्न सकिने भएपछि आलुको विउ खोज्न डाँडापारी जानुपर्ने बाध्यताको अन्त्य हुने धापुङका बासिन्दाको अपेक्षा छ । मध्य पहाडी हावापानी पाईने धापाङमा हिउँदे र बर्खे दुवै सिजनमा आलु खेती हुने गरेको छ ।

# दोबामा बाख्रापालनबाट आयआर्जन

■ धिरन खत्री



म्याग्दीको दोवाका कृषकहरूले बाख्रापालनलाई आयआर्जनको माध्यम बनाएका छन् ।

जिल्ला पशु सेवा कार्यालयले बाख्रा पैचो कार्यक्रम अन्तरगत उपलब्ध गराएको बाख्रा दोवाका कृषकहरूको आयआर्जनका लागि बरदान बनेको हो । वि.स २०६६ सालमा तिन वटाका दरले बाख्रा पैचा पाएका दोवाका पचास धरधुरी कृषकले अहिले बर्षेनी दर्जनौ बाख्रा बेचेर आम्दानी गरिरहेका छन् ।

दुई वर्षपछि आफूले पाएको बाख्रा फिर्ता गरेका दोवाको शिवजी बाख्रापालन कृषक समूहका सदस्यहरूको घरमा अहिले चाररपाँच वटा देखि सय वटासम्म बाख्रा छन् । ५२ वटा बाख्रा पालेका दोवा ६ का शेरबहादुर गर्बुजाले आयआर्जनको अन्य विकल्प नभएको गाउँमा बाख्रापालन प्रभावकारी बनेको बताए ।

उनले वर्षमा दश वटाको हाराहारीमा खसीबोका बेचेर एक लाख भन्दा बढी आम्दानी हुने गरेको बताए । गाउँ नजिकै प्रशस्त जंगल र चरन क्षेत्र भएको तथा अनुकुल हावापानी तथा सजिलो भएकाले दोबाका कृषकहरूले बाख्राको संख्या बढाएर ब्यावसायिक बनेका हुन् ।

तिन वटा बाख्राबाट सुरू गरेका दोवाका भुपेन्द्र गर्बुजासंग ७०, किरन पुर्जासिंग ८०, कृष्ण पुर्जासिंग ८० र मनिराज पुनको गोठमा ४० वटा बाख्रा छन् । गाईभैसी जस्तो धेरै लगानी र स्याहार सुसार गर्न नपर्ने, गाउँघरमा पाइने गहुँ, जौ, उवा, मकै आदी खाद्यान्नलाई दानाको रूपमा खुवाउन सकिने र बिक्री गरेर छिटो आम्दानी लिन सकिने भएकाले बाख्रापालन प्रभावकारी बनेको दोवाका कृषकहरूको भनाई छ । यसैबिच ब्यावसायिक बाख्रापालन गरेका दोवाका कृषकहरूले भनेको समयमा प्राबिधिक सेवा पाउन कठिनाई भएको गुनासो गरेका छन् । दाना, भगवती र घारामा रहेको पशु सेवा केन्द्र टाढा भएको, औषधि नपाउने हुँदा बाख्राको स्वास्थ्यमा सामान्य समस्या देखिएको अवस्थामा पनि प्राबिधिक सेवा तथा औषधीका लागि बेनी पुग्नुपर्ने अवस्था रहेको कृषकहरूले गुनासो गरेका छन् । बाख्रापालन सम्बन्धि तालीम, घुम्ती प्राबिधिक सेवा र औषधिको ब्यवस्था गरेमा राहत मिल्ने कृषकहरूको अपेक्षा छ ।




प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

**जि.सी. क्रसर उद्योग**

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२०९२०, ९८०२०६०३२२ (श्याम)

९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...


# होमबहादुरको हिम्मत





म्याग्दीको राम्चे गाविस ४ का ४२ वर्षीय होमबहादुर पुर्जा वि.स २०६५को बैशाख तिर आँखामा समस्या देखिएपछि उपचारका लागि पोखरा स्थित हिमालयन आँखा अस्पताल पुगेका थिए । आखा अस्पतालले रगत परिक्षण गर्नका लागि गण्डकी अस्पतालमा पठायो । रगत परिक्षणको रिपोर्ट आएपछि उनि छांगाबाट खसेजस्तो भए । जुन क्षण संझदा होमबहादुरका आँखा अहिले पनि रसाउँछन् । जतिबेला उनि आफूलाई एचआईभी संक्रमण भएको जानकारी पाए उनि जिवनदेखिनै निराश बनिसकेका थिए । तर उनलाई आईएनएफ पालुवामा कार्यरत लोकबहादुर बास्तोलाले गण्डकी अस्पतालको १२ नम्बर कोठामा राखेर परामर्श दिएपछि बाँकी जिवनलाई नराम्रो बाटोमा नलगाउने अठोट र साहसका साथ घर फर्कने निधो गरे ।

'आँट गरेपनि पोखराबाट घर फर्कन मनै लागेन । अस्पताल देखि ट्याक्सी चढेर बागलुङ बसपार्क ओहोर दोहोर गर्दा एक दिनमा दश हजार रूपियाँ खर्च भयो । आत्महत्या गर्न महेन्द्रपुल सम्म पुगे । प्रहरीले रोकेपछि फर्कीए' पुर्जा भन्छन 'घरपरिवार सम्झिए । भावी सन्नतीलाई एआईभीबाट जोगाउने र संक्रिमीतलाई बचाउँने अभियानमा लाग्ने निर्णय गरेर पोखराबाट बेनीतर्फ हिडे ।' बेनीबाट राम्चे जाने क्रममा मल्लाजको उकालोमा पुग्दा दुई वटै आँखाले देख्न छोडेपछि उनि श्रीमती र छोराछोरीलाई पनि बेनीमै बोलाएर उपचारमा लागे । रगत परिक्षण गर्दा श्रीमती सन्तुलाई पनि एचआईभी पोजेटिभ भेटियो । उनिहरूको छोरी र छोरालाई भने सक्रमण छैन् । २०६० सालभन्दा अघि बेनीमा स्टेशनरी ब्यवसाय गर्दा ब्यवहार बिग्रीएर गाउँ फर्कीएर भौतारीने क्रममा असुरक्षित ब्यवहार गर्दा आफुलाई संक्रमण भएको पुर्जाले बताए ।

धेरै मानिसहरू संक्रमित भएको थाहा पाएपछि सामाजिक असुरक्षाका कारण नखुलेको अवस्थामा पुर्जा लगायत केही ब्यक्तिहरू सार्वजनीक भएर संक्रमीतको सेवा र नयाँ पुस्तालाई यसबाट बचाउँन लागिपरे । उनसंगै खुलेका धेरै संक्रमीतहरू अहिले जिल्लामा नदेखिए पनि पुर्जा हिम्मत र साहसका साथ विभिन्न संघर्ष गर्दै आफ्नो अभियानमा निरन्तर सक्रिय रहदै आएका छन् । बेनीमा उनले राष्ट्रिय एअचाइभी एड्स महासंघको जिल्ला शाखामा तिन महिना जागीर खाए । संस्थाको कार्यक्रम सकिएपछि आफ्नै नेतृत्वमा गुप्तसभा मार्गदर्शन सहयोगी समूह खोले २०६६ मा ।

संक्रमीतहरूलाई परामर्श दिने, रगत परिक्षण र औषधि सेवनका लागि सहजिकरण गर्ने र एचआईभी एड्स न्युनीकरणका लागि जनचेतना अभिवृद्धी गर्ने उद्देश्यले खोलीएको उक्त संस्थामा संक्रमीत नभएकाहरू पनि आवद्ध भएर सहयोग गरेका थिए । आर्थिक स्रोतको अभावका कारण हाल बन्द भएको संस्थाको सर्म्पकमा म्याग्दीका ५० जना संक्रमीत रहेकोमा हाल २८ जनाले जिल्ला अस्पतालबाट एआरभी औषधि सेवन गरिरहेका छन् । सबै संक्रमीत औषधि सेवन गर्न नआएकोमा पुर्जा दुःखी छन् ।

उक्त संस्थाको पहलमा जिल्ला अस्पतालबाट एआरभी औषधि वितरण गर्ने सुबिधा, जिविसको सहयोगमा मासिक रूपमा औषधि सेवन गर्न आउनेहरूका लागि एक पटकमा एक सय ५० रूपैयाँ भत्ता, कावा कार्यक्रम मार्फत चार जना संक्रमीत बच्चालाई मासिक एक हजार रूपैयाँ उपचार खर्चको ब्यवस्था गराउनुका साथै विभिन्न ठाउँमा सरोकारवालाहरूको सहयोगमा चेतनामुलक कार्यक्रम गरिएको थियो । वि.स २०७१ मा जिविसको सहयोगमा आठ जना संक्रमीतलाई बाख्रा र कुखुरापालन गर्न दश हजार रूपैयाँका दरले अनुदान वितरण गरिएको थियो । यातायात खर्च पर्याप्त नहुनु, बागलुङमा काबा कार्यक्रमको उपचार खर्च लिन जाँदा पाउने सुबिधा जतीकै खर्च हुनु र एआरभी औषधिले काम गरे नगरेको पत्ता लगाउन परिक्षणका लागि पोखरा जानुपर्दा संक्रमितलाई समस्या छ । यातायात खर्चका लागि कोषमा रकम बढाउने र जिल्लामै भाइरस लोडको सुबिधा भएमा संक्रमीतहरूलाई राहत मिल्ने पुर्जा बताउँछन् ।

संक्रमीत भएपछि बेनी बसाईका क्रममा पुर्जाले गाउँबाट आउने संक्रमीतहरूलाई आफ्नै कोठामा आश्रय दिए । मासिक ६ हजार तलबमा जिल्ला अस्पतालमा काम गर्ने श्रीमतीको कमाईमा निर्भर पुर्जाले गाउँबाट आउने संक्रमितलाई साग र पिठो लिएर आउन अनुरोध गर्दै पकाएर खान दिएका हुन् । खाद्य संस्थानले बिक्री गरेको गोदामको एउटा कोठामा बस्दै आएका पुर्जा चैत २४ गते आफ्नै जन्मथलो फर्कीएका छन् । संस्था बन्द भएको, महँगीले परिवार पाल्न गाह्रो भएको, बजारको दुषित वातावारणका कारण स्वास्थ्यलाई फाईदा नगर्ने भएकाले आफू र छोराछोरीको भविष्यका लागि गाउँ फर्कीएको पुर्जाले बताए । सरकारले स्वास्थ्य संस्था र समुदाय मार्फतनै एचआइभी सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने नीति लिएकाले अब त्यससंग सम्बन्धित संस्थाहरू चलाउन सम्भव नभएको पुर्जाको बुझाई छ ।

बेनीको माउन्ट एभरेष्ट आवाशिय उच्च माविमा हालसम्म निशूल्क रूपमा कक्षा १ सम्म अध्ययन गरेका छोरालाई साथै लिएर बाह्र वर्षपछि घर फर्कीएका पुर्जाकी श्रीमती भने बेनीमै छिन् । उनिहरूको छोरीलाई गाउँमै दिदीले आश्रय दिएर राम्चेको देउराली निमावीमा पढाउने ब्यवस्था गरेकी छिन् । संक्रमीत भएको थाहा पाउनुअघि पुर्जाले करिब पाँच वर्ष पूर्णकालीन कार्यकर्ताको रूपमा माओवादीमा रहेर काम गरेका थिए । स्टेशनरी पसल गर्दा ब्यवहार बिग्रीएपछि एक वर्ष भौतारीएका पुर्जाले आफ्नो, देश र जनताको समस्या समाधान हुने अपेक्षा सहित माओवादी युद्धमा वि.स २०६० मा आवद्ध भएका थिए । माओवादीमा लाग्नु अघि उनि एमालेको राजनीतिमा कलाकारको रूपमा सक्रिय थिए ।

घारको मुक्तिमार्ग उच्च माविबाट दश कक्षाको टेस्ट पास गरेका भलिबल खेलाडी समेत रहेका पुर्जाले २०४७ सालको निर्वाचनमा सहिदकी आमा नाटकमा अभिनय गरेका थिए । २०६३ मा माओवादी निकट शिखर सांस्कृतीक परिवारको अध्यक्ष बनेका पुर्जा द्वन्द्वकालमा म्याग्दीका साथै स्याङ्जा, पाल्पा, गुल्मी, कास्की, अर्घाखाँची लगायतका जिल्लामा पनि लडाकुको रूपमा खटिएका थिए । वर्तमान गृहमन्त्री शक्तिबहादुर बस्नेत कमीसार र आपूर्तीमन्त्री गणेशमान पुन कमाण्डर रहेको चौथो डिभिजनमा तिन महिना भान्से भएर काम गरेका पुर्जा मन्त्रिद्धयले कस्तो खाना खान्छन भन्ने बारेमा अझै जानकारी रहेको बताउँछन् । पछिल्लो समयसम्म एमाओवादीमा आवद्ध उनि पार्टी र नेतृत्वले अपेक्षाकृत काम गर्न नसकेको भन्दै अब सामान्य सर्वसाधारण भएर बस्ने बताउँछन् । भाषण र आश्वासन भन्दा पनि ब्यवहार हेरेर आफूले दललाई सर्मथन गर्ने पुर्जाको भनाई छ ।

द्वन्द्वमा लागेर विभिन्न रमणीय ठाउँको भ्रमण र अवलोकन गर्न पाउनु सकारात्मक पक्ष भएको बताउने पुर्जा त्यसबेला आफुले गरेका केही गल्तीहरूको बारेमा आत्माआलोचान गर्छन् । पार्टीको निर्देशन मानेर घार खिवाङमा पढ्ने क्रममा आफू दुई वर्ष बसेको भिनाजुको घरमा खानतलासी गर्न गएको, घोडेपानीमा चिनीयाँ पर्यटकले मागेजति चन्दा दिन नसकेपछि ढिलाई हुँदा उनलाई पुनहिलबाट सुर्योदय हेर्ने अवसरबाट बञ्चित गराएको, गर्भवती हुँदा श्रीमतीलाई सेनाको घेरा तोड्दा भएको दुःख र गाउँका मनबहादुर बिक जस्ता होनहार युवाहरूलाई गुमाउँदाको क्षण सम्झदा उनलाई दुःख लाग्छ । पार्टीको निर्देशन पालना गर्दा आफूबाट भएको गल्ती, कमजोरीका कारण सम्बन्धित ब्यक्ति तथा समुदायमा पर्न गएको असरप्रति उनले क्षमायाचना गरेका छन् ।

सहरको कोलाहलयुक्त वातावरणबाट टाढा रहेर आफ्नो स्वास्थ्यलाई थप असर नपरोस, छोरा छोरीको भविष्य र परिवारीक ब्यवस्थापनका लागि गाउँ फर्कीएका पुर्जाले बाँझीएर बसेको आफ्नो पुर्ख्यौली जग्गाजमीनमा आलु, घाँस खेती, खरायो, बाख्रापालन गरेर जिविकोपार्जन गर्ने योजना बनाएका छन् । ऊनदेखि नुन सम्म जोडेर घर फर्कीएका उनि घरायसी ब्यवस्थापन गरेपछि श्रीमतीलाई पनि गाउँमा लैजाने योजनामा छन् । बागलुङ ताराखोला माईत भएकी सन्तुसंग होमबहादुरले वि.स २०५८ मा पार्टीको प्रस्तावमा देविस्थानको जुक्जामा सञ्चालित आधारभुत सैन्य तालीमका क्रममा जनवादी बिवाह गरेका थिए ।

बेनी बसाईका क्रममा गुप्तसभा मार्ग दर्शन सहयोगी समितिको कार्यालय रहेको कोठाको भाडा तिर्न नसकेर तिन घण्टा घरमालीकले थुनेको र पार्टी बिभाजन भएपछि तत्कालीन बैद्य समूहले छ महिनासम्म आफू बस्ने कोठामा बत्ति र खानेपानी आपूर्ती बन्द गराएकोमा उनि निकै दुःखी छन् । संक्रमीत भएपछि परामर्श र सहयोग गर्ने विभिन्न निकाय, ब्यक्ति तथा संस्थाप्रती उनले आभार ब्यक्त गरेका छन् । साहास र हिम्मत गर्ने हो भने संक्रमण भएपनि धेरै समय बाँच्न सकिने उदाहरण प्रस्तुत गरेका पुर्जा नयाँ पुस्तालाई सुरक्षित यौन ब्यवहार गर्न र संक्रमितलाई निराश नभएर औषधि उपचारको पहुँचमा आउन सुझाव दिन्छन् । सरकारी निकायबाट औषधि उपचारलाई सहज र सर्भसुलभ बनाउन पहल हुनुपर्ने उनको अपेक्षा छ ।

***(कुराकानीमा आधारित)***

***प्रस्तुती सन्तोष गौतम***

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

## सम्पादकीय ...

# गाउँको नायक महिला

nfdf];do ;Dd :yfglo lgsfosf]lgjf{g gePsf sf/0f ufpFhgk|tlglw ljlxg 5g\. hgk|tlglwsf] ;dt lhDd]jf/L kfPsf uflj; ;lrjx? ;b/d'sfddf s]Gb|t ePsf 5g\. ufpFsf x/]s ;d:ofx? ;dfwfg ug{g]}[jbfoL el'dsf lgjf{x ug{]lgjf{rt k|tlglw 5}g\. nfdf];do ;Dd lgjf{rt k|tlglw gePkl5 ufpFufpFdf dlxnfx? ljsf;sf sfddf ;xof]u ug{ yfn]sf 5g\. k'?ifx? /f]huf/Lsf nflu ljb]zLPsf 5g\. ufpFsf]ljsf; lgdf{0f nufotsf sfdx? clxn] dlxnfx?sf]cu'jf0df gd'gfsf ?kdf cuf8L a9]sf 5g\. rhf]/ rf}sfdf dfq l;ldt dlxnfx? kl5Nnf] ;do ljsf;sf]g]}[j ug{Ifdtf ljsf; u/]sf 5g\. cj;/ lbPdf dlxnfx?n]klg ;dfhsf]g]}[j ug{ ;S5g\eGg]s'/fsf]k|df0ft ul/lbPsf 5g\.

DofUbLsf ufld0f e]usf ljleGg ufpF?df dlxnfsf]g]}[jdf ;kmn ?kdf ljsf; lgdf{0f, ljs[tL Go'gLs/0f;+}cfly{s, ;fdflhs kl/jt{gsf sfdsf] g]}[j dlxnfx?n]nPsf 5g\.lgjf{rt :yfglo lgsfo gePsf sf/0f ufpFsf]ljsf;sf nflu ufpFx?n]cfkm} k|tlglw 5gf}6 u/]sf 5g\. clwsf+z ufpFdf dlxnfx? ufpFsf]k|tlglwsf ?kdf 5gf}6 ePsf 5g\. lhNnfsf] bfh]f ufpFdf sdfof kh'f{sf]g]}[jdf uflj; k|tlglwx? 5gf}6 ePsf 5g\. bf]Jfsf clwsf+z j8fdf dlxnf k|tlglwx? 5gf}6 ePsf 5g\. sdfof kh'f{sf]g]}[jdf bfhfdf ljsf; lgdf{0f nufotsf sfdx? kef]jsf/L ?kdf ;~rfng ePsf 5g\. o:t}blj :yfgdf lkknf j9fyf]sL ufpFsf]ljsf;df ;lqmo el'dsf lgjf{x u/]sL 5g\. DofUbLsf s}xL ufpF?df dlxnfx?sf];lqmotf / ufpFx]sf]Pstfsf sf/0f ;/sf/L tyf u}/;/sf/L ;3+ ;+yfn];~rfng ug{]ljsf; ofhgf Pj+sfo{qmd sfo{Gjogdf ;xof]u kU}sf]5 . hg;xeflutf h6fpg] ;dbfo :t/df pTkGg lajfb ;dfwfg / ;fj{hgls ;]jf kjfxnf0{;xh agfpg ;xof]u kU}sf]bl]vG5 .

ufpFufpFdf dlxnfx?n]g]}[j u/]sf ljsf; of]hgfx? ;dod};DkGg xg'sf ;fy}u0f:t/oQm bl]vG5g . dlxnfx?nf0{;dfhsf] g]}[j ug{ kfl/jf/Ls, ;fdflhs / /fhgllt ?kdf jftfj/0f tof/ kfgk{b}5 . DofUbLdf ;dfh ?kfGt/0fsf] cu'jf0{ dlxnfx?n]u/]sf 5g\. ufpFufpFdf dlxnfx?sf]g]}[j / ;lqmotfdf ;xsf/L ;~rfngdf NofO{cfly{s ?kdf dlxnfnfO{;jn agfpg] cleofg rnfOPsf] 5 . of]cleofg lhNnfdf ;kmn xb}uPsf]klg 5 . dlxnfx?sf]g]}[jnfO{cem ;kmn agfpg lhNnfl:yt ;/f]sf/jfnf lgsfox?n]k|f];fxg xg]sfo{qmdx? NofpgkbF5 . lhNnfsf]ufld0f e]udf ljsf;sf]cu'jf0 u/]sf dlxnfx?nf0{xfdf]];nfd .

## l6KkOfL, k|ltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क**:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

# आफूखुसी उपभोग गरे पनि "चोरीको वात नलाग्ने" वेनीको बगैंचा !



चन्द्रप्रकाश बानियाँ

पाँच दशक पछि फर्केर हेर्दा अचम्म लाग्छ । जमानाले काँचुली फेऱ्यो । समाजको आचरण फेरियो । परम्पराहरू बदलिए । मानव प्रवृत्ति फेरियो । समाज खुला हुँदै गयो । मानव व्यवहार अन्तर्मुखी हुदै आयो । ठेट भाषामा भन्नुपर्दा समाज छुच्चो झन् छुच्चो हुँदै आयो । मानिस स्वार्थी र लोभी बन्दै गयो । म केटाकेटी छँदाताक गाउँघरतिर "फलफुल बेच्न हुँदैन, पाप लाग्छ" भन्ने चलन थियो । आफ्ना करेसाबारीमा फुलेफलेका फलफुल, सागपात आपसमा बाँडेर खानुपर्छ भन्ने मान्यता समाजमा थियो । भोकाएको मान्छेले जोसुकैको मकैबारीमा पसेर धीत मरुञ्ज्याल दुधिलो मकै खानु अपराध मानिदैनथ्यो । विज्याईसम्म भनिदैनथ्यो । वोटमै पाकेको केरा जोसुकैले विना अनुमति टिपेर खान सक्ने मात्रै होइन, त्यसो नगरे "प्रदोष लाग्छ" भनिन्थ्यो । हाम्रो आफ्नै फुलबारीमा ५/७ वटा यामान्का आँपका रूखहरू थिए । एउटै रूखमा सयौं कुइन्टल आँप फल्थ्यो । नेरोफेरोका गाउँबस्तीहरू समेतबाट सिजनमा रूख चढ्ने सीप भएको मान्छे लिएर आँपका पारखीहरू आउँथे, मनखुसी टिप्थे, झार्थे, खान्थे र बोरा भरेर घर पनि लान्थे । लालबहादुर र गंगाबहादुर दुईजना दाजुहरूका नयाँ घरहरू बनाउने सिलसिलामा ती बाजेबराजुका पालादेखि हुर्काइएका रूखहरू काटिए । मासिए । बगैचा उजाडियो । नयाँ विरूवाहरू लगाउने हुन् । उन्नाइसौं सताब्दीको सुरूतिरै नेवारहरूले पर्वत राज्यसिमाभित्र प्रवेश गरेका हुन् । पर्वतको इतिहासमा महन्त नेवार र अवधुतसिंह (नेवार) को उल्लेख भएको भेटिन्छ । वेनीको बजारको इतिहास नेवारभन्दा जेठो छ । बस्तुविनिमय प्रणाली (बस्तुहरू साटासाट गर्ने चलन) हुँदाकै बेलादेखिन वेनीले बजारको मान्यता पाउन थालिसकेको थियो । प्रारम्भमा भोट र मधेस ब्यापारको पुलको काम गर्ने वेनी मौसमी (हिउँदे) बजार थियो । पर्वतका अन्तिम मल्लराजा कीर्तिवम मल्लको पालामा पर्वत प्रवेश गरेको नेवार समुदायले कालक्रममा वेनीलाई स्थायी बजारमा रूपान्तरण गरेको हो । गफगाफ र ठट्टा गर्ने सिलसिलामा "हाम्रो बाजेले तपाईका बाजेलाई चिनीको स्वाद पहिलोचोटि चखाएका हुन् । नत्र भने तपाईहरूका बाजेपुस्ताले चिनीको सट्टा खुदो र महले काम चलाउँथे" भनेर महेशले भन्थ्यो । कुरो साँचो पनि हो । म्याग्दीलाई आधुनिक बजारको सुविधा उपलब्ध गराएको नेवारहरूले नै हो । वेनीको उराठलाग्दो वगरलाई गुलजार बजारमा रूपान्तरण गरेको मात्रै होइन, आधुनिक उपभोग्य संसारसँग म्याग्दीलाई परिचित गराउने श्रेय त्यही समुदायलाई जान्छ नै ।

हरेक चीजबस्तुहरूको उत्पादनमा मानिसको श्रम, सीप र साधनको लगानी भएको हुन्छ । बस्तुको लेनदेन गर्नुपर्दा स्वभावत बस्तुहरूको लागत मूल्य खोजिनु स्वाभाविक अनुमति फलफूल टिपेर खाए पनि चोरीको वात लाग्दैनथ्यो ।

घटना वि.सं. २०२१ सालको श्रावण भदौतिरको होजस्तो लाग्छ । मेरा ठूलो दाजुको वेनीमा सरकारी जागिर थियो । म पनि सात कक्षाको परीक्षा दिने निजी (प्राइवेट) तयारीको सिलसिलामा वेनीमै बस्थैं । दिवंगत कान्छा साहु मखनलालको घरपछाडिको धनसारमा हाम्रो डेरा थियो । विहान बेलुकाको खानाको प्रबन्ध कालीपुलस्थित डम्बर थापाको भट्टीमा थियो । तिनताका वेनीबजारमा मिठाई पसलहरू थिएनन् । बजारमा विस्कुट चकलेट पनि पर्याप्त पाइदैनथ्यो । त्यसैले भूजा, चिउरा, मकै, भटमास, वदाम जस्ता खाजाका सनातन परिकारहरू घरबाटै आउँथे । हप्ताभरको लागि सामल आफैंले झोलामा बोकिन्थ्यो । आजकालजस्तो चिया खाने चलन पनि थिएन । सुख्खा खाजाले बिगारेको पाचन प्रणालीका लागि बर्खे फलफुलको याम वरदानजस्तो हुन्थ्यो । डेराको पछाडिपट्टि कोटभण्डारको बगैचा थियो । संयोगबस कसैले जानी जानी भत्काएको हो कि आफैं पुरानो भएर भत्केको हो डेराछेउमै बगैचा प्रवेश गर्न मिल्ने गरी बाटो बनेको थियो । कोटभण्डारको स्वामित्व दुर्गाप्रसादको हो भनिन्थ्यो । त्यतिबेलासम्म कोटभण्डारबाट प्रकाश मिडिल स्कुल पनि आफ्नो नयाँ भवनमा सरिसकेको थियो । मौसमअनुसार बगैचामा अम्वा, ती अर्का दुर्गाप्रसादका जेठा छोरा महेन्द्र हुन कि राजेन्द्र (नाम अहिले ठ्याक्कै सम्झना भएन) रहेछन् । हाम्रा आँखाहरू एकापसमा ठोकिए । अवश्य मेरो आँखामा डरको मनेविज्ञान छचल्किएको हुँदो हो । तिनताकासम्म बोल्न लाजमाने पनि नेवारी अलि अलि बुझ्न थालिसकेको थिएँ । "तिम्रो फुलबारीको अम्बा सक्ने यही "खयँचा" पो रहेछ" भनेर फौदेले नेवारी भाषामा महेन्द्रलाई उक्साउने अन्दाजमा चापलुसी गऱ्यो । "होइन, यो "मचा" ठूलो घरको हो, असल छ । बदमासी गर्दैन । खान मनलाग्यो होला, आयो । जाउँ ।" भनेर महेन्द्रले पनि नेवारीमै भन्यो । मसँग एकवचन पनि तीतोमिठो नगरिकन दुबैजना फर्केर गए । मैले राहतको अनुभूति गरें । अपराधको मनोविज्ञान हटेर गयो । मन हलुङ्गो भयो । त्यस दिनको घटनापछि त मेरो मनबाट डर झन हराएर जानु स्वाभाविक भयो । हरेक दिन रित्तो हात गयो । खान मनलागे जति खायो । खल्तीमा अटेजति लिएर डेरा फर्क्यो ! बगैचा

**... सायद अघिल्लो वर्षको वार्षिक परीक्षामा वेनीकै पाका सहपाठीहरु टिकाबहादुर, गोपाल साहु, मथुरा, पूर्ण आदिलाई उछिनेर कक्षामा प्रथम हुनुको लाभ थियो त्यो। आफूभन्दा ठूला साना सबैका नजर पर्ने अवस्था सिर्जना गर्ने वास्तविक कारण त्यही हुँदो हो। हो, तिनताका वेनी पनि गाउँजस्तै थियो। अर्काको फुलबारीमा विना अनुमति निर्धक्क प्रवेश गरेर फलफुलहरु उपभोग गर्नु पनि अपराध मानिदैनथ्यो। चोरी ठानिदैनथ्यो। ती दिनहरु सम्झँदा समाजमा अचिन्त्य परिवर्तन भयको मात्र होइन कैयन अथर्मा विकृति पनि मौलायको छ भन्न मन लागछ। सभ्यताका दृष्टिले आदिम मानिय पनि कैयौ परम्पराहरु उदाहरणीय थिय। तिनमा मानवताको मिठास थियो।**

हुर्काउने चेष्टा गरिएन । आँप मासेर बरू मकै खेती गर्न थालियो । हो, पछिल्लो कालखण्डमा बजारअर्थतन्त्रले गाउँघरहरू समेत प्रभावित हुँदै गएका छन् । अब त मानिसहरूले पाहुनालाई एक छाक विना पैसामा खानदिन पनि गाह्रो मान्न थालेका छन् । सबै घर गाउँहरू बजार बनिसके, गाउँलेहरू सबै बनियाँ ! सबै कुराहरू पैसासँग जोखिन थाले ।

बजारमा सबै कुराहरू "विकाउ" हुन्छ भनिन्छ । उपभोग्य चीजबस्तुहरू मात्र होइन, बुद्धि, ज्ञान र इमान समेत किनबेच हुन्छ । "वेनी" पनि एउटा पुरानो बजार हो । वास्तवमा वेनीको महत्व बजार हुनुमै छ । वेनीसँग बजार जोडिएन भने तरकारीमा नुन नपुगेजस्तो अलिनो हुन्छ । खल्लो लाग्छ । सानै भए पनि वेनी निकै पुरानो बजार हो । सोह्रौं सताब्दीको अन्ततिर वेनीको बगरले बजारको मान्यता पाउन थालेको इतिहास प्रमाण फेलापर्छ । तर उतिबेलाको वेनी पछिल्लो कालखण्डको जस्तो नेवारहरूको थिएन । नेवार समुदाय काठमाडौं बाहिरतिर संक्रमित हुन थालेको उपत्यकामा गोर्खालीहरूले कब्जा जमाएपछि मात्र हो । हो, त्यही सिलसिलामा नेवारहरू वेनी आइपुगेका हो । पश्चिमा व्यक्तिवादी संस्कृतिमा बाबुको सम्पत्ति छोराले समेत सित्तैमा पाउँदैन । त्यो संस्कृतिले संसारलाई विस्तारै विस्तारै निल्न आँटिसकेको छ । त्यसैले मानव श्रम, पसिना र साधनको लगानीबाट उत्पादित बस्तुको कुरा परै रहोस्, प्रकृतिको निःशूल्क उपहार मानिने पानी र हावा पनि वोतलबन्द गरेर बजारमा खरीदविक्री हुन थालिसक्यो । "विना पैसा पानी पनि पिउन पाइदैन" भनेर गाउँघरतिर गरिने बजारको आलोचना पुरानै हो । तैपनि त्यसमा वास्तविकताको अंश न्यून हुन्थ्यो । त्यस्तो टिप्पणीलाई अतिरञ्जना भन्दा पनि फरक पर्दैनथ्यो । वास्तवमा त्यो प्रतिकात्मक विश्लेषण मात्र थियो । किनकी बजारले आफूले पनि पैसा तिरेरै खरिद गरेको बस्तुमा लगानीको ब्याज र श्रमको मूल्य (नाफा) जोडेर बेचविखन गर्थ्यो । जुन बस्तुलाई बजारले पैसा तिर्नु पर्दैनथ्यो त्यो बेचिदैनथ्यो । त्यस्तो बस्तु विक्न पनि विक्तैनथ्यो । गाउँघरतिरजस्तै वेनीबजारमा फलफूल नविक्ने जमाना पनि थियो । घरपसल वरपर फलेका फलफुलहरू दाताको अनुमतिमा निशुल्क उपभोग गर्न पाइन्थ्यो । कैयौं सन्दर्भमा विना आँप, अनार आदि अनेकौं किसिमका फलफुलहरू फल्थे । श्रावण, भदौ र असोज समेतका तीनवटा महिनाभर बगैचामा अम्वा लटरम्मै फले/पाकेका भेटिन्थे । हरेक विहान त्यही चोरबाटोबाट लुसुक्क छिऱ्यो, १०/८ दाना बेलाउती टिप्यो । दिनको खाजाको गर्जो टरिहाल्थ्यो । कहिल्यै दुर्गाप्रसादको परिवारसँग सोधिएन । अनुमति लिइएन । सिंगै बजारले त्यसै गर्थ्यो । बगैचाको स्वामित्व दुर्गाप्रसादको भए पनि फलफूल सिंगै बजारले उपभोग गर्थ्यो । आफूले पनि देखासिकी गरियो ।

एकदिनको कुरा हो । झर्खर घाम झुल्केको मात्र थियो । डेरा नजिकैको एउटा वोटमा चढेर अम्वाका दानाहरू छानी छानी खल्ती भर्दै थिएँ, अचानक बगैचाको मूलगेटतिरबाट मानिसहरूको आवाज आयो । दुईजना स-साना केटाहरू खेल्दै, कराउँदै मभएतिरै आउँदै थिए । मैले जे गरिरहेको थिएँ त्यतिबेला त्यो अपराध ठानिदैनथ्यो र पनि विनाअनुमति अर्काको बगैचामा पसेको हुनाले मन डरायो । चुपचाप, विना हलचल रूखको कापमा बसीरहें । म चढेको रूखको फेदैमा दुईजना केटाहरू आएर उभिए । फौदे दर्जीलाई साथ लिएर आउने छिर्ने नियमित दिनचर्या नै बन्यो ।

महेन्द्रसँग स्कुलमा देखभेट भएको भए पनि हार्दिक चिनाजानी र सम्बन्ध थिएन । हामीबीच मित्रता पनि थिएन । "हाय हलो" सम्म पनि गरिदैनथ्यो । मैले नचिने पनि उसले भने मलाई राम्रैसँग चिन्दो रहेछ । अचम्म पनि लाग्यो । सायद अघिल्लो वर्षको वार्षिक परीक्षामा वेनीकै पाका सहपाठीहरू टिकाबहादुर, गोपाल साहु, मथुरा, पूर्ण आदिलाई उछिनेर कक्षामा प्रथम हुनुको लाभ थियो त्यो । आफूभन्दा ठूला साना सबैका नजर पर्ने अवस्था सिर्जना गर्ने वास्तविक कारण त्यही हुँदो हो । हो, तिनताका वेनी पनि गाउँजस्तै थियो । अर्काको फुलबारीमा विना अनुमति निर्धक्क प्रवेश गरेर फलफुलहरू उपभोग गर्नु पनि अपराध मानिदैनथ्यो । चोरी ठानिदैनथ्यो । ती दिनहरू सम्झँदा समाजमा अचिन्त्य परिवर्तन भएको मात्र होइन कैयन अथर्मा विकृति पनि मौलाएको छ भन्न मन लाग्छ । सभ्यताका दृष्टिले आदिम मानिए पनि कैयौं परम्पराहरू उदाहरणीय थिए । तिनमा मानवताको मिठास थियो । हार्दिकताको सुवास थियो ।

■

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा शेयर सदस्य, ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**लिलाबहादुर बानियाँ**
अध्यक्ष एवम्

**न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.**
**तथा धौलागिरि ट्राभल्स एण्ड मनि ट्रान्सफर प्रा.लि परिवार**
बेनी बजार म्याग्दी

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**शेखरचन्द्र केसी**
सव डिभिजन प्रमुख

**खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, म्याग्दी**
सुरक्षित मुहान/वितरण प्रणालीको पानी पिउने गरौं ।
घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी बसालौं ।।

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. भिमप्रसाद आचार्य**

# विश्वास मेडिकल हल

अस्पताल चोक बेनी बजार, म्याग्दी

औषधीका साथै दैनिक बिरामी जाँचको व्यवस्था हुनुका साथै रगत, दिशा, पिसाब, खकार, गर्भवती आदि परीक्षण गरिन्छ । उच्च गुणस्तको एक्सरे र भिडियो एक्सरे सेवा समेत उपलब्ध छ ।

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**दिपक कार्की**
**अध्यक्ष एवम्**

**गलेश्वर शिवालय बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
गलेश्वर बेनी म्याग्दी

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रमोद श्रेष्ठ**
**प्रबन्ध निर्देशक**

**एवम्**

**किशोर सुवेदी**
**अध्यक्ष**

**घलेम्दी हाइड्रो लिमिटेड परिवार**
म्याग्दी

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. जीवनकुमार विश्वकर्मा**

# जीवन सुनचाँदी दुकान तथा हस्तकला उद्योग

न्यूरोड, बजार, म्याग्दी

(शुद्ध सुनमा आकर्षक डिजाइनका गहनाहरु चाहिएमा वा सुन चाँदी खरिद विक्रि गर्नुपरेमा हामीलाई सेवा गर्ने मौका दिनुहोस् ।)

# हार्दिक शुभकामना

**नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्त,**
**शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा**
**सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**






## धर्मनारायण इन्टरप्राइजेज
प्रो. सुविन श्रेष्ठ (मो. नं ९८५७६४०१३८)

## सुविन भाँडा पसल
प्रो. विपिन श्रेष्ठ

**बनी नगरपालिका–६, संगमचोक, बेनीबजार म्याग्दी**

**फोन नं: ०६९–५२०४१५**

**सम्पूर्ण भाँडाहरुको थोक तथा खुद्रा बिक्रेता**



# हार्दिक शुभकामना

**नववर्ष २०७३ को पावन अवसरमा आफन्त, शुभचिन्तक**
**लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति,**
**समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

## स्वास्थ्य सन्देशहरु

**साबुन पानीले हात धुनैपर्ने अवस्थाहरु**
- खाना खानु र खुवाउनु अघि
- खाना बनाउनु अघि
- चर्पी गएर आएपछि - खेलेर आएपछि
- बालबालिकाको दिसा सफा गरे पछि
- आमाले बालबालिकालाई दुध खुवाउनु अघि
- बच्चाले दिसा पिसाव गरेको कपडा फेरेपछि
- बच्चाले दिसा पिसाव बिसर्जन गरेपछि
- चर्पी सफा गरेपछि

५ वर्ष मूनिका बालबालिकालाई झाडापखला लाग्दा पुनर्जलीय झोलको साथै जिङ्क चक्की खुवाऔं । जिङ्क चक्की दिनहुँ दश दिनसम्म निरन्तर रुपमा खुवाउनुपर्दछ ।यसले दिसाको मात्रामा कम गराई झाडापखला छिटो निको पार्छ ।

- सुत्केरी व्यथा लाग्ने वित्तिकै तुरुन्तै प्रसुति सेवा पाइने स्वास्थ्य संस्थामा लैजाऔं ।

- वयस्क सबै व्यक्तिहरुले नियमित रुपमा हरेक वर्ष कम्तीमा एकपटक रक्तचाप जाँच गराऔं ।
- उच्च रक्तचाप भएमा स्वास्थ्यकर्मीहरुको सल्लाह अनुसार नछुटाइकन दैनिक औषधी सेवन गरौं ।
- अस्पताल परिसर भित्र साझा औषधि पसल खुलेको हुँदा आफुलाई चाहिने औषधि साझा पसलबाट नै खरिद गरौं ।

# जिल्ला स्वास्थ्य कार्यालय

**बेनीबजार, म्याग्दी**

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. बालकृष्ण सुवेदी

**बालचन्द्र फर्निचर उद्योग**

शिक्षा मार्ग, बेनी बजार, म्याग्दी



## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

होमदेवी खत्री<br>प्रबन्धक

एवम्

धनबहादुर खाती<br>अध्यक्ष

**जिल्ला लघुउद्यमी समुह संघ परिवार**

बेनीबजार, म्याग्दी

"उद्यम गरौ उद्यमशिल संस्कारको विकास गरौं"



## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. भरत आचार्य

**आचार्य मेडिकल हल**

हस्पिटल चोक, बेनी बजार, म्याग्दी

सम्पर्क : मोवाइल ९८४७६२३१७३ फोन ०६९५२११५४

***हाम्रा सेवाहरू*** *: प्रत्येक शनिबार विशेषज्ञद्धारा विरामी जाँच तथा भिडियो एक्सरे, ई.सि.जी, एक्सरे, ल्याब जाँच अन्तर्गत – रगत, दिसा, पिसाब, खकार एचआइभी, ब्लड, सुगर, युरिक एसिड, गर्भ जाँचका साथै सुरक्षित गर्भपतन सम्बन्धी परामर्श सेवा प्रदान गरिन्छ ।*



## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

पानीको सही सदुपयोग गरौं । अनावश्यक रुपमा खेर नफालौं ।

माधव रेग्मी<br>सचिव

एवम्

सुवासकुमार श्रेष्ठ<br>अध्यक्ष

**बेनी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था परिवार**

बेनी, म्याग्दी



# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा आफन्त, शुभचिन्तक, नगरबासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

छविलाल सुवेदी

कार्यकारी अधिकृत एवम्

**बेनी नगरपालिकाको कार्यालय परिवार**

बेनीबजार, म्याग्दी

सार्वजनिक स्थल नदी किनारामा फोहोर नफालौं । बेनी नगरलाई स्वच्छ सफा सुन्दर राख्न सहयोग गरौं । बेनी नगरपालिका क्षेत्र भित्र निर्माण गरिने घर भवन आदी वस्ती विकास,सहरी योजना भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अनुसार नगरपालिका कार्यलयबाट नक्सा पास गराई अनुमति लिएर मात्र निर्माण गरौं । जन्म, मृत्यु, विवाह, वसाइसराई र सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालय वा नगरपालिका कार्यालयमा दर्ता गराऔं । नगरपालिकालाई बुझाउनु पर्ने कर, दस्तुर समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिउँ ।

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली महानुभावहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

***जिल्ला भू-संरक्षण कार्यालय म्याग्दीको अनुरोध***

*१. माटो,पानी जोगाऔं । हरियाली बढाऔं ।।*
*२. माटो, पानी र वनस्पती । संरक्षण गरौं - यिनै हुन हाम्रा सम्पत्ती ।।*
*३ विनासमूखी विकास होइन । संरक्षण र वातावरण मैत्री दिगो विकासमा जोड दिऔं ।*

**दिवाकर पौडेल**
जिल्ला भूसंरक्षण अधिकृत

**जिल्ला भू-संरक्षण कार्यालय, बेनी - म्याग्दी**

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

| रुद्रबहादुर गुरुङ | राजकुमार थापा | सु. थमबहादुर गर्बुजा |
|---|---|---|
| प्रबन्धक | सचिव | अध्यक्ष |

**कुमारी बहुउद्देश्यीय सहकारी संस्था लि परिवार**
न्यूरोड, बेनीबजार, म्याग्दी

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफ्न्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

**प्रो. प्रेम परियार**

# दि सार्क टेलरिङ सेन्टर

**(सटिङ एण्ड सुटिङ- सुट स्पेशलिस्ट)**

न्यूरोड बेनी बजार, म्याग्दी

*आधुनिक डिजाइनका सुट,पाईन्ट,लेडिज कुर्ता सुरुवाल, स्कुल बोर्डिङ क्याम्पसका ड्रेसहरु छिटोछरितो एवम् स्तरीय सिलाइका लागि सदैव हामीलाई सम्झनुहोस ।*

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

**प्रो. चन्द्रप्रकाश/महालक्ष्मी बराइली**

# न्यू धवलागिरी ज्वेलर्स

क्याम्पसचोक, बेनीबजार, म्याग्दी (सम्पर्क : ०६९५२००४७, ९८५७६४००९७)

हामीकहाँ कम्प्युटर तौल गरि सुनचाँदी खरिद विक्री एवम् शुद्ध सुनबाट बनेका तयारी गहनाहरु पाइनुका साथै पुरानो गहनाले नयाँ गहनाहरु समेत साटिन्छ ।

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

| तेजनाथ पौडेल | डण्डपाणि सापकोटा | शेरबहादुर केसी |
|---|---|---|
| प्रबन्धक | सचिव | अध्यक्ष |

**मुक्तिनाथ बहुउद्देश्यीय सहकारी संस्था लि परिवार**
न्यूरोड, बेनीबजार, म्याग्दी

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

**प्रो. युवराज दर्नाल**

# सिजन टेलरिङ सेन्टर

बेनी बजार म्याग्दी (सम्पर्क : ९८४७७७२१०४)

आधुनिक डिजाइनका सुट,पाईन्ट,लेडिज कुर्ता सुरुवाल,स्कुल बोर्डिङ क्याम्पसका ड्रेसहरु छिटोछरितो एवम् स्तरिय सिलाइका लागि सम्झनुहोस । साथै यहाँ पिको पनि गरिन्छ ।

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

| भरतकुमार राजभण्डारी | एवम् | शिवकुमार श्रेष्ठ |
|---|---|---|
| प्रबन्धक | | अध्यक्ष |

**बेनी बचत तथा ऋण सहकारी संस्था लि परिवार**
बैंकरोड, बेनीबजार, म्याग्दी

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

**प्रो. लालबहादुर विश्वकर्मा**

# म्याग्दी कुशल सुन चाँदी पसल

न्यूरोड, बेनी बजार म्याग्दी (सम्पर्क : ९८४७६६७७१२)

हामीकहाँ कम्प्युटर तौल गरि सुनचाँदी खरिद विक्री एवम् शुद्ध सुनबाट बनेका तयारी गहनाहरु पाइनुका साथै पुरानो गहनाले नयाँ गहनाहरु समेत साटिन्छ ।

## हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्तु गर्दछौं ।

**पुरुषोत्तम पाण्डे**
शाखा प्रबन्धक एवम्

**गरिमा विकास बैंक लिमिटेड परिवार**
शाखा कार्यालय - बेनी बजार म्याग्दी

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफ्न्त, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. बविन पुर्जा**

## होटल नमस्ते रेष्टुरेन्ट एण्ड भान्छा घर

बेनी बजार, म्याग्दी

*ताजा एवम् स्तरीय खाजा तथा खानाका परिकारहरु, चिसो तथा तातो पेय पदार्थका साथै आरामदायी बसाइका लागि सदैव हामीलाई सम्झनुहोस् ।*

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. रविप्रसाद शर्मा/ विष्णु शर्मा**

## रखाल शिवानी फेन्सी स्टोर्स

क्याम्पसचोक, बेनी बजार, म्याग्दी (सम्पर्क : ९८५७६४०३८१, ९८४७६७५२२९)

*आधुनिक डिजाइनका स्वदेशी तथा विदेशी फेन्सी कपडाहरु,स्कुल,बोडिङ एवम् क्याम्पसका ड्रेसहरु सुपथ मूल्यमा विक्री गरिन्छ ।*

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा सम्पूर्ण नेपाली महानुभावहरुमा सुख, शान्ति, समृद्धि र उतरोतर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

म्याग्दी जिल्ला भित्र मदिरा तथा सुर्तिजन्य पदार्थको व्यवसाय गर्ने सबै व्यवसायीहरुले अनिवार्य रुपमा इजाजत पत्र लिनुहुन र इजाजत पत्र लिएकाहरुले नवीकरण गर्नुहुन अनुरोध गरिन्छ । सो बमोजिम नगर्ने व्यवसायीहरु कारवाहीको भागिदार बन्न सक्नुहुन्छ । त्यसैले समयमै सचेत बनौं ।

**युवराज पौडेल**

कोष नियन्त्रक

## कोष तथा लेखा नियन्त्रक, कार्यालय बेनी

# हार्दिक शुभकामना

नववर्ष २०७३ को पावन अवसरमा ग्राहक, आफन्तजन, शुभचिन्तक लगायत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तरप्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. खेम केसी**

## के.बी अटो पार्टस एण्ड मोटरसाइकल सर्भिस सेन्टर

बेनी बजार, कालिपुल बसपार्क, म्याग्दी (फोन. ०६९५२०७११, ९८५७६२२९८६)

